## मिति २०८२/७/१६ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु

प्रमाणित प्रतिलिपि

१. खोलाहरुको आइइई गर्ने सम्बन्धमा ।

२. रोयल्टी वापत दोहोरो कट्टी रकम फिर्ता सम्बन्धमा ।

३. ठाडा अमराइ जुकेना देउराली ऐरावती सडक निर्माणको समयावधि थप गर्ने सम्बन्धमा ।

४. आर्थिक सहायता सम्बन्धमा ।

५. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान सम्बन्धमा ।

६. विविध सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न खोलाहरुको प्रारम्भिक वातावरणीय अध्ययन (आईइइ) गरी नदीजन्य पदार्थको विक्री तथा ठेक्का व्यवस्थापन गर्ने प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**तपशिल**

(क) सुकवेल खोला शिनपा ११

(ख) रङ्गसिङ्ग खोला शिनपा ९ र ११

(ग) राप्ती नदी शिनपा ८

(घ) खयरभट्टी खोला शिनपा ११

(ङ) वाणगंगा खोला शिनपा १४

(च) दमारवेशी दोभान राप्ती बगर क्षेत्र शिनपा ७

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिका मार्फत गत आ.व.मा ठाडा डमरुदहको स्तरोन्नती गर्न वि.एस.कन्स्ट्रक्सनको नाममा ठेक्का स्वीकृत भई कार्य भएको र उक्त कार्य हुँदा निर्माण कार्यको लागि आवश्यक स्थानीय निर्माण सामग्री (ढुङ्गा) प्रयोग बापतको रोयल्टी सम्बन्धित वडा कार्यालयमा निर्माण कै समयमा अनलाईन सिस्टममा बुझाई ल्याई प्रयोग गरेको तर नगरपालिकाबाट डमरुदह स्तरोन्नती कार्यको भुक्तानी गर्दा समेत रोयल्टी कट्टा गरी भुक्तानी हुँदा दोहोरो पर्न गएको रोयल्टी बापतको रकम गत आ.व.को भुक्तानी दायित्वको रुपमा चालु आ.व.को लागि दायित्व सारिएकोले उक्त दोहोरो पर्न गएको रकम रु १,३५,०००/- निर्माण व्यवसायी वि.एस. कन्स्ट्रक्सनलाई फिर्ता दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको ठाडा- अमराई- जुकेना- देउराली- ऐरावती सडक ( पतञ्जली मार्ग) स्तरोन्नती गर्ने कार्य गर्न श्री भुसाल निर्माण सेवा सनपा २ अ.खा. र यस कार्यालय विच मिति २०८१/०९/७ गते सम्झौता हुँदा मिति २०८२ साल बैशाख १५ गते भित्र सम्पन्न गर्ने गरी भएकोमा सम्झौता बमोजिम तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी पटक पटक गरी मिति २०८२ साल असोज ३१ गते सम्मको लागि म्याद थप भएको अवस्था छ ।

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची

प्रमाणित प्रतिलिपि

मिति २०८२/६/९ गते उक्त निर्माण व्यवसायीले भारी वर्षा र चाडपर्वको कारणले निर्माण कार्यमा ढिलाई भएको हुनाले २०८२ साल मंसीर मसान्त सम्मको म्याद थप गरिदिन भनि निवेदन दिएकोमा कार्य तालिका माग गरी प्राविधिक शाखाको रायका आधारमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० र संसोधित सार्वजनिक खरिद (चौधौं संसोधन) नियमावली, २०८२ को १९ बमोजिम समाप्त भएको समयावधि देखि सम्झौतामा उल्लेखित रकम बाहेकको थप आर्थिक दायित्व नपर्ने गरी २०८२ साल मंसीर मसान्त सम्मको म्याद थप गरि दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाका विभिन्न वडाहरुमा विभिन्न घटना भई आर्थिक समस्या भएका व्यक्तिहरुलाई शितगंगा नगरपालिकाको विपद कोष व्यवस्थापन तथा आर्थिक सहयोग कार्यविधि २०७९ र मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदन्ड पक्षघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८ वमोजिम नबाझिने गरी तपशिल अनुसार आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

१. शितगंगा नगरपालिका वडा नं. १० निवासी कुल बहादुर पल्लीको छोरा तारा बहादुर पल्लीको बारी जोत्ने क्रममा ट्याक्टर दुर्घटनामा परी दाँया खुट्टा काट्नु पर्ने भई काटी उपचारको क्रममा रहेको र निजको आर्थिक अवस्था कमजोर भएकोले रु २५,०००। आर्थिक सहयोग उपचार खर्च प्रदान गर्ने ।
२. शितगंगा नगरपालिका वडा नं. ११ निवासी कविराम पल्लीको घरमा रहेको कुटानी पिसानी मिलको पट्टाले निज कविराम पल्लीलाई घाईते बनाएकोमा हात काटी फाल्नु पर्ने भई काटी उपचारको क्रममा रहेको तर निजको आर्थिक अवस्था कमजोर भएकोले रु २५,०००। आर्थिक सहयोग प्रदान गर्ने । (उपचार खर्च)
३. शितगंगा नगरपालिका वडा नं. १४ निवासी टेकराज बेल्वासेको २ वटा माउ भैसी खोलाले बगाई मरेकोले प्रति भैसी रु २५०००।- का दरले रु ५००००।- निजलाई आर्थिक सहयोग स्वरुप दिने । त्यसै गरी वडा नं. ३ निवासी बालानन्द भुसालको एक वटा माउ भैसी (लैनो) र एक वटा पाडी भैसी आकस्मिक रुपमा मरेकोले माउ भैसीको रु २५०००।- र पाडीको रु ५०००।- गरी रु ३००००।- निजलाई आर्थिक सहयोग स्वरुप दिने ।
४. शितगंगा नगरपालिका वडा नं. ६ ठूलाढुन्गे निवासी हुमकला विरकट्टाको मिति २०८२/४/२० गतेको अविरल वर्षादको कारण घर माथिबाट पहिरो गई घर पूर्णरुपमा क्षति भएकोले निजलाई घर निर्माणको लागि आर्थिक सहयोग बापत रु २५०००।- दिने ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा शितगंगा नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ बमोजिम आवश्यक प्रकृया पुर्‍याई सोही कार्यविधिको परिच्छेद तीन बमोजिमको मुल्याङ्कन समितिबाट समेत सिफारिस भई कार्यपालिका समक्ष पेश हुन आएको तपशिल अनुसारको फर्महरुलाई “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

मुल्याङ्कन समितिबाट समेत सिफारिस भई कार्यपालिका समक्ष पेश हुन आएको तपशिल अनुसारको फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

*तपशिल*

(क) संचालक शितगंगा नगरपालिका वडा नं. ९ निवासी श्री उत्तम खत्री रहेको **उत्सब निर्माण सेवा शितगंगा नगरपालिका वडा नं. ९ अर्घाखाँची** नामक "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा बैठकमा आएका प्रस्तावहरु माथि छलफल भई तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

**तपशिल**

**(क)** यस नगरपालिकाका विभिन्न वडाका विभिन्न क्षेत्रमा रहेका विद्युत ट्रान्फरमरहरु जली मर्मत सुधारको लागि सन्धिखर्क तथा बुटवल लैजाने र ल्याउने समेतको कार्यमा भएको तपशिल अनुसारको ढुवानी खर्च भुक्तानी गर्ने ।

**तपशिल**

१. शिनपा ५ गल्धा खिमेडाँडा थारपाईला लगायतको क्षेत्रमा विद्युत संचालनको लागि जडान भएको ट्रान्फरमर ढुवानी बापत रु १५०००|- दिने ।

२. शिनपा १३ थाप्लेवारीमा रहेको ५० के.भी.को ट्रान्फरमर ढुवानी बापत रु १५०००|- दिने ।

३. शिनपा ४ को सानादहको पल्लो छेउमा रहेको ट्रान्फरमर ढुवानी बापत रु ५०००|- दिने ।

**(ख)** श्री वाणगंगा आधारभुत विद्यालय शिनपा ४ भेडामारेको च.नं. १८, मिति २०८२/७/१४ को पत्रबाट विद्यालयमा रहेको खानेपानीको टंकी फुटी पानीको समस्या भएकोले १००० लि.को. पानी संकलन टंकी उपलब्ध गराई दिन भनि लेखि आएकोले उक्त विद्यालयको लागि माग बमोजिमको टंकी विद्यालयले मितव्ययी रुपले खरिद गरी विद्यालयमा दाखिला गराई भुक्तानीको लागि कागजात पेश गर्न लगाई सो बापतको रकम विद्यालयको खातामा जम्मा गरि दिने ।

**(ग)** यस नगरपालिकाको वडा नं. ३ खर्सका क्षेत्रमा किसानले लगाएको तोरी बाली किराले ६० प्रतिशत क्षति गराएको र अझै क्षति हुने भएकोले उक्त किरा नियन्त्रणको लागि किटनासक विषादी प्रयोग गर्नु पर्ने भनि कृषि शाखाबाट प्रतिवेदन सहित स्थानीय किसानको निवेदन पेश भएकोमा किराबाट वाली संरक्षणको लागि तत्काल रु १ लाख वजेट विनियोजन गरी आवश्यक्ता अनुसार किटनासक औषधी खरिद गरी रोग किरा नियन्त्रण गर्ने ।

**(घ)** कार्यपालिकाको मिति २०८२/६/५ गतेको बैठकबाट डमरुदह युवा क्लव ठाडा भनि क्रिकेट प्रतियोगिता संचालनको लागि बजेट बिनियोजन भएकोमा डमरुदह नाम भएतापनि दर्ता प्रकृयामा कमल पोखरी युवा क्लब रहेको र सोही क्लव मार्फत खेल संचालन गरी विनियोजन रकम भुक्तानीको लागि बिल पेश

हुन आएकोले उक्त बिनियोजित रकम रु ५००००/- कमल पोखरी युवा क्लवको खातामा जम्मा गरी दिने ।

(ङ) शिनपा ३ मा रहेको ठमरु दह र शिनपा नं. ४ सानादहमा निर्माण सम्पन्न भएको कोल स्टोर संचालन तथा व्यवस्थापनको सन्दर्भमा तत्काल कार्यविधि निर्माण गरी आवश्यक व्यवस्थापन गर्ने ।

(च) ठाडा डमरुदहमा १५ के.भि.ए विद्युत मिटर आवश्यक पर्ने भएकोले उक्त मिटर जडानको लागि नेपाल विद्युत प्राधिकरण सन्धिखर्क शाखालाई सिफारिस गर्ने । साथै दहमा हाल सम्म प्रयोग भएको विद्युतको महशुल भुक्तानी गरी आगामी दिनमा सो मिटरबाट दह क्षेत्रमा खर्च हुने विद्युतको महशुल अर्को व्यवस्था नभएसम्म नगरपालिकाबाट भुक्तानी गर्ने ।

(छ) यस नगरपालिकाको वडा नं. ८ लाहापेमा मिति २०८२ साल कार्तिक २७ गते एकिकृत घुम्ती सेवा संचालन गर्ने । साथै उक्त शिविरको सम्पूर्ण व्यवस्थापन योजना र स्वास्थ्य शाखाले गर्ने ।

आजको बैठक सर्वसम्मत निर्णय गर्दै सम्पन्न गरियो ।

शितगंगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय ठाडा, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल
प्रमाणित प्रतिलिपि